# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


## प्रेस विज्ञप्ती

### आमरण अनसन अन्त्य सम्बन्धमा

पूँजी बजार विस्तार र सुधारका लागि गठित संघर्ष समितिका संयोजक श्री तिलक कोइरालाले पूँजी बजार सुधार र विस्तारका सम्बन्धमा १९ बुँदे माग राखी मिति २०७९।०३।०१ गतेदेखि बोर्डको कार्यालय बाहिर अनसन बस्दै आउनु भएकोमा उक्त मागका सम्बन्धमा बोर्ड तथा सो समिति बीच आज मिति २०७९।३।१० गते सहमति भई नेपाल धितोपत्र बोर्डका अध्यक्ष श्री रमेश कुमार हमालले कोइरालालाई जुस खुवाई आमरण अनसन अन्त्य गर्नु भएको छ ।

समितिका तर्फबाट वोर्डमा प्राप्त मागहरु मध्ये बोर्डसँग सम्बन्धित मागहरु मध्ये केही मागहरु अगाडि बढिसकेको र केही माग कार्यान्वयन गर्न अगाडि बढाउने र कतिपय मागहरु बोर्डले नेपाल सरकार तथा वित्तीय क्षेत्रका अन्य नियमनकारी निकायहरुसँग समन्वय गर्नुपर्ने भएकोले सो सम्बन्धमा आवश्यक समन्वय गरी कार्य अगाडि बढाउने गरी सहमति भएको छ। साथै, सो सहमति कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्न बोर्ड र लगानीकर्ताका प्रतिनिधिहरु रहने गरी एक समिति समेत गठन गरिएको छ । यस क्रममा अत्यावश्यक समन्वयका लागि अर्थ मन्त्रालय, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय ललितपुर, नेपाल प्रहरी हेडक्वाटर तथा नेपाल प्रहरी (ललितपुर) लाई बोर्ड अध्यक्षले विशेष धन्यवाद व्यक्त गर्नु भएको छ ।

मिति : २०७९।०३।१०

विनय देव आचार्य
का.मु. कार्यकारी निर्देशक


*Post Box No.: 9031, Khumaltar, Lalitpur, Nepal*
*Phone: 00977-1-5550511, 5551162, 5544077, 5550512, 5541057, Toll Free No.: 1660-01-44433*
*Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np*